


# प्रदेश-३

पानी नियमित नआउने तर शुल्क भने नियमित तिनुपर्दा हामी उपभोक्ता ठगिएका छौं।

# विदुरबासी फोहोर पानी पिउन बाध्य
## नियमित पानी आउन अझै एक वर्ष लाग्ने

**शालिकराम चालिसे, नुवाकोट**

नुवाकोटको सुगम र बजारक्षेत्र मानिएको विदुर नगरपालिका क्षेत्रका नगरबासीले फोहोर पानी पिउन बाध्य भएका छन्। नगरबासीले वर्षा शुरू भएसँगै प्रत्येक वर्ष खोलाको फोहोर पानी पिउन बाध्य छन्। खुलारुपमा बगेको त्रिशूली र फलाटे नदीको पानी सिधै विदुर ल्याई ट्यांकीमा जम्मा गरी ढुङ्गे, विदुर, बटार, र पिपलटारका उपभोक्तामाझ धमिलो पानी घर-घरमा वितरण हुँदै आएको छ। जसले गर्दा नुवाकोटको सदरमुकाम रहेको विदुर नगरपालिकाका स्थानीयबासीहरू नै धमिलो पानी पिउन बाध्य भएका छन्।

वर्षा शुरू भएकाले पानी धमिलो आएको खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय नुवाकोटका प्रमुख मोहनलाल जैशीले बताउनुभयो। जैशीले वर्षायाममा धमिलो पानी आउनु सामान्य भएको भन्दै साना शहरी खानेपानी आयोजना निर्माण सम्पन्न नभएसम्म यस्तो समस्या आइरहने बताउनुभयो। विदुरमा आजभोलि धमिलो पानी पनि नियमित नआउँदा उपभोक्ता भने मारमा परेका छन्। धारामा आउने धमिलो पानी त्यो पनि लोडसेडिङको शैलीमा गरिने वितरणले उपभोक्ता हैरान भएका छन्। 'एक त २/४ दिनमा पानी आउँछ तैपनि धमिलो भएर पिउन योग्य नै छैन' -बट्टारकी गृहणी माया मगरले बताइन्। मगरले आक्रोश व्यक्त गर्दै भनिन्- 'पानी नियमित नआउने तर शुल्क भने नियमित तिनुपर्दा हामी उपभोक्ता ठगिएका छौं।'

विदुर खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका अध्यक्ष नारायण खनालले वर्षाको समयमा धमिलो पानी आउनु स्वभाविक रहेको जवाफ दिए। उपभोक्ता समितिका अध्यक्ष खनालले पछिल्लो समय विदुरमा बसाइसराइको दर तीव्र गतिमा बढेकाले पानी वितरणमा समस्या आएको बताए। उनले उत्पादन र खपतको सन्तुलन नमिल्नु र वितरण वैज्ञानिक नहुनु पनि धारामा पानी नआउनुको अर्को कारण रहेको खुलाए। विदुरमा खानेपानी वितरण गर्दै आएको र अधिकार प्राप्त विदुर खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका अध्यक्ष खनालले करिब १ वर्षसम्ममा विदुर नगरपालिकाभित्र पानीमा देखिएको समस्याको समाधान नहुने लाचार जवाफ दिए।

तर उपभोक्ता आफूहरूले धारामा पानी नै नआए पनि शुल्क तिर्नुपरेको गुनासो गर्दै आएका छन्। नगरबासीलाई वितरण गर्ने रिजर्भ टयांकी खुला नै छ। जसले गर्दा पानी संकलन खुला आकाशमा रहेकाले चराले बिस्टाउने तथा हड्डी लगेर फाल्ने गरेको पाइन्छ। उपभोक्ताको स्वास्थ्यप्रति विदुर खानेपानी तथा सरसफाइ उपभोक्ता समिति त्यति सचेत नभएको उपभोक्ता बताउँछन्।

विदुर खानेपानी तथा सरसफाइ उपभोक्ता समितिले वितरण गरेको पानी अहिलेको अवस्थामा कुनै पनि हालतमा पिउन योग्य नभएको उपभोक्ता हित संरक्षण मञ्च नुवाकोटका अध्यक्ष इन्द्र पण्डितले बताउनुभयो। पण्डितले विदुर खानेपानी तथा सरसफाइ उपभोक्ता समितिले यस्तै फोहोर र धमिलो पानी वितरण गरिरहे भोलि झाडापखालाको माहामारी निम्तने खतरा बढेको बताउनुभयो। उहाँले समितिलाई स्वस्च्छ र सफा पानी वितरण गर्न जनदबाब दिनुपर्ने बताउनुभयो। वितरण गरेको खानेपानीमा समितिले उपभोक्तासँग पैसा मात्र असुलेको उपभोक्ताकर्मीले आरोप लगाएका छन्। वितरण गरिएको पानी पिउन योग्य नभएको भन्दै उपभोक्ताले गुनासो गरे पनि खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, विदुर खानेपानी तथा सरसफाइ उपभोक्ता समिति र विदुर नगरपालिकाले कुनै सुनुवाइ नगरेको उपभोक्ताले गुनासो गरेका छन्।

विदुर नगरपालिका क्षेत्रमा वितरण गरिएको पानीको विषयमा विदुर नगरपालिकालाई जानकारी भए पनि नगरपालिकासमेत मौन देखिएको छ। नगरबासीले सफा र स्वस्च्छ खानेपानी पाउनुपर्ने भए पनि पहिला बनेको संरचना र भएको मुहानमा समस्या रहनुले पानीमा समस्या देखिएको विदुर नगरपालिकाकी उपमेयर गीता दाहालले बताउनुभयो।

उपमेयर दाहालले पानी निर्मलीकरण गर्न ट्यांकीको अभावले उपभोक्ताको धारामा धमिलो पानी जाने गरेको बताउनुभयो। उहाँले फोहोर पानीको प्रयोगले मानव स्वास्थ्यमा गम्भीर असर पुर्‍याउने भन्दै नगरबासीलाई केही समय दुःख कष्ट सहेर भए पनि सफा र स्वस्च्छ पानी पिउन आग्रह गर्नुभयो। उपमेयर दाहालले अहिलेको अवस्थामा वैकल्पिक व्यवस्था खोज्न सानो स्रोतले नसक्ने भन्दै समस्या समाधानबारे छलफल चलिरहेको बताउनुभयो। नगरपालिकाले सक्ने र सम्भव भएको काम गर्न नगरपालिका हरदम लागिरहने दाहालको भनाइ रहेको छ।

विदुर नगरपालिका, खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय र विदुर खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका पदाधिकारीले नगरबासीलाई स्वस्च्छ र सफा पिउने पानी वितरण गनुपर्ने र गर्ने बताइरहँदा उपभोक्ता भने सधैं आश्वासन र धारामा आउने धमिलो पानी र हावाले हैरान भएका छन्। जसले गर्दा उपभोक्ताले धारामा पानी नआए पनि पानीको महशुल भने तिरिरहनु परेको छ।



**के कम : नुवाकोटको तुप्चेमा असार पन्ध्रको अवसरमा धान रोप्नका लागि खेतमा दाँदै लगाउँदै महिला। महिलाहरूले हलो र जुवा छुन हुन्न भन्ने मान्यतालाई यहाँका महिलाले चुनौती दिँदै हलो जोत्ने र दाँदे लगाउन सक्षम छन भन्ने उदाहरण दिएका छन्।**

*तस्वीर : शालिकराम चालिसे, नुवाकोट*

## धम्कीपूर्ण सरुवाप्रति उद्योगलाई अल्टिमेटम

हेटौंडा, (नेस)

उद्योगले मजदुरलाई अन्य जिल्लामा सरुवा गरेपछि मजदुरले आपत्ति जनाएका छन्। उनीहरूले उद्योगले 'धम्कीपूर्ण व्यवहार' देखाएको भन्दै उद्योगलाई अल्टिमेटमपत्र बुझाएका छन्।

औद्योगिक क्षेत्रमा रहेको प्रोजियोकेभ उद्योगमा अखिल नेपाल क्रान्तिकारी औद्योगिक मजदुर संघले अल्टिमेटमपत्र बुझाएको हो। अल्टिमेटमपश्चात् उनीहरूले शान्तिपूर्ण प्रदर्शन गरेका छन्।

पत्रमा उद्योगले मजदुरसँग छलफल नगरी प्लान्ट अन्यत्र जिल्लामा सार्ने भन्दै उद्योगले जेठ ३१ गते मजदुरलाई जानकारी गराएको थियो। सोही पत्रका अनुसार २४ मजदुरमध्ये १६ जनालाई बाराको परवानीपुरमा सरुवा गरी त्यहीं काम गर्न निर्देशन दिइएको संघले गुनासो गरेको छ।

हेटौंडामा हाल कार्यरत मजदुरलाई अन्य जिल्लामा पठाउन खोजिएकाले अन्य जिल्लामा सरुवा नगर्न मजदुरले माग गरेका छन्। अखिल नेपाल क्रान्तिकारी औद्योगिक मजदुर संघ प्रोजियोकेभ प्रालि एकाइ अध्यक्ष थलप्रसाद गौतमले कम्पनीले विभिन्न बहानामा मजदुरलाई रोजगारमुक्त गराउन खोजेको दाबी गर्नुभयो। उहाँले अब पूर्णरुपमा आन्दोलनमा जाने बताउनुभयो।

मजदुरले अन्य जिल्लामा गएर काम गर्दा कम्पनीको तलबले धान्न सास्ती हुने भएकाले हेटौंडाका मजदुरलाई यहीं राख्न मकवानपुर प्रशासन र श्रम कार्यालयमा आग्रह गरेका छन्।

## मन्त्रीको जिल्लालाई बजेट बढी

हेटौंडा, (नेस)

प्रमुख प्रतिपक्षी कांग्रेसको चेतावनीका कारण रोकिएको प्रदेश-३ प्रदेशसभाको बैठक शुरू भएको छ। बैठकमा विनियोजन विधेयकअन्तर्गत उद्योग, पर्यटन, वातावरण र भौतिक पूर्वाधार तथा योजना मन्त्रालयका शीर्षकमाथि छलफल भएको छ। छलफलमा १८ सदस्यले भाग लिएका छन्।

छलफलमा सहभागी हुने सदस्यमा पशुपति चौलागाईं, गीता वाग्ले, रमेश पौडेल, विशाल खड्का, रिना गुरुङ, नारायणबहादुर सिलवाल, भीमसेन खत्री, कमलबहादुर सिम्खडा, सुरेन्द्रराज गोसाईं, डा. राजाराम कार्की, प्रेमबहादुर थापा, योगेन्द्र संग्रौला, निमा लामा, सन्तबहादुर प्रजा, दिनेश मर्हजन, नरोत्तम वैद्य, छिरिङ दोर्जे लामा र प्रेमबहादुर पुलामी हुनुहुन्थ्यो। उहाँहरूले मन्त्रीले आफ्नो जिल्लालाई केन्द्रमा राखेर बजेट छुट्याएको भन्दै गुनासो गर्नुभएको थियो।

प्रदेश सरकारले असार १ गते आव २०७५/०७६ का लागि ३५ अर्ब ६१ करोड २६ लाखको अनुमानित आयव्यय प्रदेशसभामा प्रस्तुत गरेको थियो। छलफलमा सहभागी सदस्यले समानुपातिक र समन्यायिक विकास तथा गरिबी न्यूनीकरण गर्ने आर्थिक प्याकेजलाई बजेटमा समावेश गर्नुपर्ने बताउँदै जननिर्वाचित सरकारले निष्पक्षता र पारदर्शितामा जोड दिएर आत्मनिर्भरमुखी अर्थतन्त्रको विकास गर्नुपर्ने धारणा व्यक्त गर्नुभएको थियो। प्रदेशसभाको अर्को बैठक असार १७ गते बिहान ११ बजे बस्नेछ।

आइतबारको बैठकमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालय, भूमि व्यवस्था, कृषि र सहकारी तथा सामाजिक विकास मन्त्रालयअन्तर्गत छलफल हुने कार्यक्रम छ।

प्रदेशका प्रमुख प्रतिपक्षी दलका सांसदले बजेट विनियोजनमा विभेद भएको भन्दै असन्तुष्टि व्यक्त गरेका छन्। प्रदेशसभाको बैठकमा पेश भएको विनियोजन विधेयकमाथि छलफलमा भाग लिँदै उहाँहरूले यस्तो असन्तुष्टि व्यक्त गर्नुभएको हो।

सांसदहरूले मन्त्रीले आफ्नो जिल्लामा बजेट केन्द्रित गरेको र कांग्रेसनिकट सांसदले पेश गरेको योजना कटाइएको आरोप लगाउनुभयो।

## महोत्सवबाट साढे २१ लाख नाफा


नुवाकोट, (नेस)

नुवाकोट उद्योग वाणिज्य संघले पाँचौं नुवाकोट महोत्सवको आर्थिक आयव्यय आज सार्वजनिक गरेको छ।

नुवाकोट सदरमुकाम विदुरमा ११ दिन सम्म सञ्चालन भएको महोत्सवमा ९० लाख ९६ हजार ८ सय ६१ रुपियाँ आम्दानी भएको नुवाकोट उद्योग वाणिज्य संघका कोषाध्यक्ष गीता अमात्यले जानकारी दिनुभएको छ। उहाँका अनुसार महोत्सवमा ६९ लाख ४१ हजार ८ सय ८९ रुपियाँ खर्च भएको थियो भने २१ लाख ७४ हजार ९ सय ७२ रुपियाँ नाफा भएको छ।

महोत्सवबाट नाफा भएको रकमले वाणिज्य संघले आफ्नै भवन निर्माण गर्नका लागि जग्गा खरिद गर्ने तयारी भएको नुवाकोट उद्योग वाणिज्य संघका अध्यक्ष ताराबहादुर कार्कीले बताउनुभएको छ। नुवाकोट वाणिज्य संघको आयोजनामा गत फागुन १६ गते देखि २७ गते सम्म महोत्सव सञ्चालन भएको थियो।


## वर्गीकृत डिस्प्ले



बोरिङ्ग इनारको रातो पहेलो पानीलाई शुद्ध र सफा गरिन्छ।

जलपादेवी वाटर सोलुशन
फोन नं:- ९८५१०६९३९२, ९८५१०२१०३८

वर्गीकृत डिस्प्ले
आइतबार, मंगलबार, बिहीबार र शुक्रबार
रू. १000 I-
मूअकबाहेक
विस्तृत जानकारीका लागि
कामना न्युज पब्लिकेशन प्रा.लि. भीमसेनस्थान
फोन : ४२१९९८४, ४२१९०२६, ४२१९६२२, ४२१९४४५

## वर्गीकृत विज्ञापन

**डिप्रेशन र माईग्रेनको सफल उपचार !!!**

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प तात्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहींबाट नभएकाहरूलाई पनि निको पारिने।**

**उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।**

**युनिक मेडिटेशन सेन्टर**
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९, ९८१३१२५५५८

**मर्मत**

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्कारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ । डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला ।

**उपलब्धी सुविधाहरू**
(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**

**मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।**
खान बस्नको सुविधासहित।
If you are satisfied, tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक, काठमाडौं
फोन नं. ४४३१२८६, ५०१०५५०

**बाथ तथा दमको अचुक उपचार**

हिमाली जडीबुटीहरूको ११ वर्षको लगातार अनुसन्धानपश्चात् साध्य तथा असाध्य रोगमा अपूर्व सफलता।
बाथ एवं नसारोग : स्यालको बोसो, चौंरीको घियू, मूला बीउ, रायो बीउको तेलमा ५१ जडीबुटीलाई सिद्ध गरिएको मालिस तेल र ८१ जडीबुटीबाट निर्मित खाने औषधीबाट बाथमा सफलता।
दम : रूद्राक्षको जराको सत्व, कागतीको जराको सत्व, कण्टकारीको जराको सत्व, दशौं वर्ष पुरानो सख्खर (गुड) का साथमा १३ जडीबुटीलाई सिद्ध गरिएको औषधीबाट दममा सफलता।
मधुमेह : मधुमेह धातु (वीर्य क्षीण हुने) रोग पनि भएकाले वीर्य पुष्टिका लागि- गुर्जोको सत्व, कृष्णब्राम्ही, विमिरोको जराको सत्व, ओखरको तेल, बाँसको जराको सत्व, नीर बाबरीको दानालगायत ११ जडीबुटीबाट वीर्य पुष्टि एवं मधुमेहमा सफलता साथै ग्यास्ट्रिक, अल्सर, पुरानो आउँ, अल्काई, पिनास, पुरानो खोकी, प्यारालाईसिस, साइटिका, कम्मर-घुँडा दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको, महिनावारीमा तल्लो पेट दुख्ने, श्वेतप्रदर, शीघ्रपतन, यौन अक्षमता, गानोगोला जस्ता सबै खाले पुराना रोगको सफल उपचार गरिन्छ।

**विशाल आयुर्वेद तथा ध्यान-दर्शन योगाभ्यास प्रशिक्षण आश्रम महाराजगन्ज चक्रपथ, नारायणगोपाल चोक परमेश्वर मार्ग, आस्था कला केन्द्रसँगै (अमेरिकन एम्बेसीको अपोजिट साइडबाट ५-७ घर माथि आएपछि परमेश्वर मार्गमा छिर्ने)**
**फोन** : ४७२००४६
**मोबाइल** : ९८५१०७३५००

नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA **को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू**

**काठमाडौं**
गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्रयाक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिव्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६९३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्र) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर ●गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२, फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर**
हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६९५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर**
सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछेँ : ६१२७२४

२०७५, असार
आइतबार
१७

त्यहाँको सिद्धेश्वर उच्च माविको पर्खाल नदीले वर्षैनी काटिरहेको र नदी गाउँतिर सोभ्ाएकाले सयौं परिवार घरबारविहीन हुनसक्ने सम्भावना रहेको स्थानीय नरेन्द्र बलायरले बताउनुभयो।

# नेपाल

# नदी कटानको जोखिममा बस्ती, नियन्त्रणमा सुस्तता

विमल विष्ट, डोटी



प्रदेश नम्बर ७ को पहाडी जिल्ला डोटीमा समयमै नदी कटान र पहिरो नियन्त्रणको पहल नहुँदा डोटीमा बग्ने सेती, अछाम-बाजुरामा बग्ने बूढीगंगा र अन्य शाखा खोलानाला छेउछाउका दर्जनौं बस्ती जोखिममा पर्दै गएका छन्। गएको वर्ष जेठ २६ गते आएको बाढी पहिरो शिखर नगरपालिका-९ को तिलतालीसैन गाउँमा पसेपछि बस्ती नै जोखिममा परेको थियो। झन्डै डेढ सय परिवार पहिरोको जोखिममा छन्।

डोटीकै शिखर नगरपालिका बारपाटा गाउँको वडा नं. २ र ३ का ४८ परिवार सेती नदी र हारेखोलाको कटानले बस्तीनै उठिबास हुनसक्ने खतरामा छ। त्यस्तै सेती नदीको कटानले बारपाटाको वडा नं. ६ स्थित बल्लेगडा गाउँका विष्ट परिवार पनि जोखिममा छन्। नदी कटानका कारण विष्ट गाउँका १४ परिवारमा वर्षेनी असार, साउन महिनामा त्रास बढ्दै गएको स्थानीय गणेश विष्टले बताउनुभयो। २०७३ साल साउनमा ६ जनाको ज्यान जाने गरी सायल गाउँपालिकास्थित डौड तोलेनीका ७ गाउँ स्थानीय साइलीगाडमा आएको बाढी र गाउँमाथि खसेको पहिरोले जमिन चिराचिरा पारेको छ।

बाढी र पहिरोले पुरै गाउँको भूगोल फेरिएको स्थानीय डिलबहादुर सिंहले बताउनुभयो। उहाँले भन्नुभयो- ‘बाढी पहिरोले पुरै गाउँ र जमिनको मुहारै फेरेको छ। बस्तिमाथि पुरै चिरैचिरा परेको छ। कतिबेला के हुन्छ भन्न सक्ने अवस्था छैन, डरैडरमा रात बित्छ।’ त्यस्तै शिखर नगरपालिकाको बानेडुंग्रीसैन क्षेत्र नदी कटानको उच्च जोखिममा छ। त्यहाँको सिद्धेश्वर उच्च माविको पर्खाल नदीले वर्षैनी काटिरहेको र नदी गाउँतिर सोभ्ाएकाले सयौं परिवार घरबारविहीन हुनसक्ने सम्भावना रहेको स्थानीय नरेन्द्र बलायरले बताउनुभयो।

उता डोटीको पूर्वी क्षेत्रमा रहेको बोगटान गाउँपालिकाको वडा नं. ८ स्थित मल्लागाउँको तल्लो भेगको जमिन पनि भासिन थालेको र जमिन फुटेर वर्षेनी १०/१५ फिट तल भासिन लागेको स्थानीय हर्कबहादुर बमले बताउनुभयो। ४५ परिवार रहेको सो गाउँ समयमै नियन्त्रणका लागि पहल नगरे संकट पर्ने उहाँको भनाइ छ। उता बाजुरा-अछाममा बग्ने बूढीगंगा नदीको कटानले अछामको साँफेबगरदेखि कैलाशखोला र बाजुराको मार्तडीस्थित पावरहाउसदेखि लेकसम्मको भागमा वर्षेनी नोक्सान पार्दै आएको छ।

जलउत्पन्न प्रकोप व्यवस्थापन सब डिभिजन कार्यालय नं २३ दिपायल राजपुरका प्रमुख कुमारबहादुर खड्काले बूढीगंगा नदीको गुरुयोजना तयार पारेर नोक्सानी नियन्त्रण गर्ने प्रयासमा भइरहेको बताउनुभयो। उहाँले भन्नुभयो- ‘अब साना तथा टुक्रे योजनामा बढी ध्यान दिने छैनौं। गुरुयोजना बनाएर काममा लाग्ने तयारीमा छौं।’

कर्णाली नदीले अछामका कालिकास्थान, रानीवन र ढुंगाचाल्ना क्षेत्रमा तीव्र क्षति पारिरहेको छ भने डोटीको सायलीगाड र दक्षिण क्षेत्रमा बग्ने ठूलीगाडमा नदी कटान अनियन्त्रित बन्दै गएको छ। जिल्ला दैवी उद्धार प्रकोप समितिले जिल्लाका बोगटान, सायल, बारपाटा, जोरायललगायतका १० वटा क्षेत्रलाई उच्च जोखिममा राखेको छ। डोटीका प्रमुख जिल्ला अधिकारी वीरेन्द्रकुमार यादवले जिल्लामा वर्षात्को समयमा हुन सक्ने घटनाबाट कसरी उद्धार गर्न सकिन्छ भन्ने तयारीमा रहनुका साथै विपत् नियन्त्रणका लागि पहल भइरहेको बताउनुभयो।

## काजक्रिया सात दिनमा
## वैदिक सनातन झापाको आपत्ति

भद्रपुर, (नेस)

मानिसको मृत्युपछि शास्त्रीयरुपमा गरिँदै आएको १३ दिने दशगात्रा (काजक्रिया) लाई ७ दिनमा सम्पन्न गर्ने भन्ने आएको हल्लाप्रति धार्मिक संस्थाको गम्भीर ध्यानाकर्षण भएको छ। वैदिक सनातन धर्म संरक्षण समिति झापाले शुक्रबार विज्ञप्ति जारी गर्दै युगौंदेखि परम्परागतरुपमा चलिरहेको शास्त्रीय कर्मकाण्ड विधिलाई जथाभावी दुरुपयोग गर्दै केही पुरोहित र यजमानले ७ दिनमा सक्ने भन्ने चलेको हल्लाप्रति चासो देखाएको हो।

समितिका अध्यक्ष आचार्य लक्ष्मीप्रसाद खतिवडा र महासचिव आचार्य शङ्कर अधिकारीले संयुक्तरुपमा हस्ताक्षर गरी विज्ञप्ति सार्वजानिक गरेका छन्। विधिविधानलाई मनगढन्ते, कपोकल्पित, भ्रामक, दुष्प्रचार गरी मृत्युसँगै सम्बन्धित अन्त्येष्टिकर्म १३ दिनमा नै गर्नुपर्ने शास्त्रीय मर्यादा हुँदाहुँदै वर्तमानमा केही तथा कथित पुरोहित र यजमानको संलग्नतामा ७ दिनमा नै क्रिया सक्ने भन्ने निर्णय गरी गर्ने गराउने जानकारीमा आएकाले यो संस्थाको गम्भीर ध्यानाकर्षण भएको विज्ञप्तिमा उल्लेख गरिएको छ।

यस्ता शास्त्रीय विधिविपरीत घृणित, नि:कृष्ट, कुकर्म गर्ने गराउने सम्बन्धित दुवै पक्ष पुरोहित र यजमानलाई शास्त्रीय विधानविपरीत कर्म नगर्न नगराउन अनुरोध गरेको जनाएको छ। यस्ता भ्रामक तथा अशास्त्रीय, मनगढन्ते प्रचारबाजी गर्नेका पछाडि नलाग्न संरक्षण समितिले अनुरोध गरेको छ। ७ दिने कर्म काकरभिट्टाका एक यजमानको घरमा सम्पन्न हुने भन्ने बारेको जानकारी आएकाले यसप्रति चासो देखाउन जरुरी रहेको आचार्य शान्तीराम नेपालले जनाए।

यस्ता प्रकारका घटनाले युगौंदेखि चलिआएको धर्म नै समाप्त पार्ने चलखेल भएकाले सबै धर्मानुरागी महानुभावलाई समयमा नै जानकारी गराउन विज्ञप्तिमार्फत सार्वजानिक गर्नुपरेको समितिका अध्यक्ष खतिवडाले बताए।

# दोदा नदीमा कृत्रिम बाढी नमुना अभ्यास



हरकसिंह धामी, कञ्चनपुर

कञ्चनपुरमा प्राकृतिक विपद्का बेलामा कसरी बाँच्ने र बचाउने भन्ने घटनाको अभ्यास शुक्लाफाँटा नगरपालिका-१२ स्थित दोदा नदीमा कृत्रिम बाढी नमुना अभ्यास गरिएको छ।

प्राकृतिक विपद्का बेलामा प्राकृतिक विपद्बाट कसरी बाँच्ने र बचाउन सकिन्छ भन्ने बारेमा जानकारी दिन नगरपालिकाको सहयोगमा नेपाल रेडक्रस सोसाइटी शाखा कञ्चनपुरले आयोजना गरेको नमुना अभ्यासमा बाढी आउनुअगावै समुदायलाई सचेत पार्नका लागि कार्यक्रम आयोजना गरेको हो। बाढी आउनुअगावै दिइने सूचना, बाढीमा फसेका बासिन्दाको उद्धार गर्ने तरिका, बाढीमा परेर घाइते भएकाहरूको प्राथमिक उपचार गर्ने तरिका, वृद्ध, अशक्त, अपांगता भएका व्यक्ति, गर्भवती महिला, बालबालिकालाई उद्धार गर्नेबारे अभ्यास गरिएको थियो।

एमरेड परियोजनाका अधिकृत महेश घिमिरेले बाढीबाट विस्थापनमा परेका बासिन्दालाई राहत वितरण गर्ने र व्यवस्थापनको कार्यलगायत नेपाल रेडक्रस सोसाइटी शाखा कञ्चनपुरले मर्सिकोरको आर्थिक सहयोगमा सञ्चालन गरेको बताउनुभयो। रेडक्रसले २५ वटा समुदायमा आर्थोपार्जन र जैविक तटबन्ध निर्माण, विपद्मा उद्धार, बगरमा उँखु खेती र घाँस रोप्नेलगायतका कार्यसमेत गरिएको रेडक्रसका कञ्चनपुर शाखाका कोषाध्यक्ष थिरेन्द्रचन्द्र भट्टले बताउनुभयो।

पूर्वसूचना, खोज तथा उद्धार, प्राथमिक उपचारलगायतका कार्य अभ्यासका क्रममा प्रस्तुत गरिएका थिए। नमुना अभ्यास कार्यक्रममा रेडक्रसका पदाधिकारी, नेपाली सेना, नेपाल प्रहरी, वडाअध्यक्ष, खोज तथा उद्धार कार्यदलका सदस्य, स्थानीय समुदाय, र निड्स कञ्चनपुरका पदाधिकारीलगायतको सहभागिता रहको थियो।

# कार्यालयको टुंगो नलाग्दा समस्या

वीरबहादुर बम, मुगु

स्थानीय निकायको निर्वाचन सम्पन्न भएको वर्षदिन बितिसक्दा पनि मुगुका ३ वटा स्थानीय निकायका कार्यालय स्थायीरुपमा टुंगो नलाग्दा सर्वसाधारणले सेवा लिन भने हैरानीमा परेका छन्। मुगुको छायाँनाथ रारा नगरपालिकाको कार्यालयले भने स्थायीरुपमा सदरमुकाम गमगढीमा कामकाज गर्दै आएको छ। त्यस्तै सोरु गाउँपालिका कार्यालयको हालसम्म टुंगो नलाग्दा २ दिनको पैदल यात्रामा सदरमुकाममै आएर स्थानीयले सेवा लिँदा स्थानीयले स्थानीय सरकारको अनुभूति नै थियो। कार्यालय कुलाहाँमा हुँदा भिई, नाथैपु ,फोतुका बासिन्दालाई असहज हुने गाउँपालिका अध्यक्ष लोकबहादुर शाही बताउँछन्। स्थानीयको दबाबपछि अस्थायीरुपमा गाउँपालिका सोरुकोटमा राख्ने उनको भनाइ छ।

कतिपय स्थानीय निकायले गाउँमा झन्डा र बोर्डमात्र झुन्ड्याएका छन्, जसको गाउँपालिकाबाट भाडासमेत खर्चिएका छन्। स्थानीय निकायका स्थायी भवन कार्यालय नतोकिँदा त कतै कार्यालय नहुँदा गाउँपालिकका अध्यक्ष र उपाध्यक्ष, वडाअध्यक्ष, कार्यकारी अधिकृतलाई खोजेर आफ्नो सानो सिफारिसको काम लिनसमेत ४,५ दिनको समय



गर्न सकेका छैनन्। त्यस्तै खत्याड गाउँपालिका र मुगुम कार्मारोग गाउँपालिकाको कार्यालय सदरमुकाम गमगढीमा सम्पर्क कार्यालय रहेको भए पनि अस्थायी कार्यालय भने खत्याडको माझचौर र मुगुम कार्मारोग गाउँपलिकको पुलुमा राखिएको छ। सदरमुकाम पुग्न हैरानी भएपछि स्थानीय र जनप्रतिनिधिले सोरु गाउँपालिकको कार्यालय अस्थायीरुपमा भए पनि गाउँमै राख्न माग गरेका छन् त कतिले नयाँ गाउँपालिकको मागसमेत गरेका छन्। सोरु गाउँपालिकको गाउँसभा र सर्वदलीय बैठकको छुट्टै गाउँपालिकासमेत केन्द्र र प्रदेशबाट माग गरेका छन्। मुगु कर्णालीवारिका धैनकोट, कालै गिलाहाँ, रारा, कच्चेलगायतका ४ वडालाई लक्षित गरी स्थानीय तहको माग गरेका छन्। सोरु गाउँपालिकाको कार्यालय सोरुकोट हुँदा कर्णालीवारिका स्थानीयलाई आउन जान असहज हुने भएकाले सोरु गाउँपालिका कार्यालय सोरुकोटमा राख्ने उनीहरूको माग लाग्ने गरी सर्वसाधारणलाई झनै सास्ती हुने गरेको सोरु गाउँपालिका वडा नं. ९ का स्थानीय नन्दबहादुर शाही बताउँछन्। ‘सिफारिसदेखि विकास निर्माणको रकम र कर्मचारीको तलब लिनसमेत गाउँपालिका जाने कामले स्थानीय निकायका कर्मचारी भेट्नमै सेवाग्राहीले धेरै समय खर्चिनुपरेको छ।’ -सदरमुकाम गमगढी पुगेका सर्वसाधारण बताउँछन्।

मुगुका ४ वटा स्थानीय निकायमध्ये ३ वटा स्थानीय निकाय गाउँपालिका कार्यालयको अत्तोपत्तो नलाग्दा पदाधिकारी, कर्मचारी र स्थाानीय सबैलाई सास्ती हुने गरेको र त्यसका लागि पहल भइरहेको खत्याड गाउँपालिकाका अध्यक्ष उब्जनबहादुर शाही बताउँछन्। सदरमुकामबाट दुर्गमका स्थानीय निकायमा आफूलाई पाएक पर्ने स्थानमा कार्यालय स्थापना गर्न दबाब आएपछि कसको भनाइ ठीक मानी काम गर्ने भन्नेमा आफूहरूसमेत अप्ठेरो परेको सोरु गाउँपालिकाकी उपाध्यक्ष राज्यलक्ष्मी बम बताउँछिन्।

## चुँडिएको मुख्य रक्तनलीको सफल अप्रेसन

प्रकाश पन्त, वीरेन्द्रनगर

कर्णाली प्रदेशको राजधानी सुर्खेतमा २ जना बिरामीको हातको चुँडिएको मुख्य रक्तनलीको शल्यक्रिया गरी जोडिएको छ।

सुर्खेतको वीरेन्द्रनगरमा रहेको सुर्खेत अस्पतालले आरा चलाउँदा देब्रे हातको मुख्य रक्तनली चुँडिएका वीरेन्द्रनगर-४ भैरवस्थानका विनोद बस्याल र बोका काट्दा देब्रे हातकै मुख्य रक्तनली चुँडिएका वीरेन्द्रनगर-५ चिसापानीका युवक शाहीको हातको मुख्य रक्तनली जोडेको हो। दुवै जनाको चुँडिएको मुख्य रक्तनलीको तत्कालै शल्यक्रिया गरेर जोड्न सफल भएको क्षेत्रीय अस्पताल सुर्खेतमा कार्यरत हाडजोर्नी विशेषज्ञ डाक्टर रुपक कँडेलले बताउनुभयो।

मुख्य रक्तनली नै चुँडिएको हुँदा ढिलो गर्दा धेरै रगत बगेर बिरामीको ज्यान पनि जान सक्ने अवस्थालाई ध्यानमा राखेर जोखिम मोलेरै अप्रेसन गरिएको उहाँले बताउँनुभयो। ‘यदि बिरामीलाई बाहिर पठाउनुपर्ने अवस्था आएको भए एकातिर धेरै रगत बगेर मृत्यु पनि हुन सक्थ्यो भने अर्कोतिर काटिएको भागदेखि तलको भाग पुरै मर्न सक्थ्यो त्यसैले बिरामीको ज्यान बचाउन जोखिम मोलेरै अप्रेसन गरियो’ -डाक्टर कँडेलले भन्नुभयो।

एकदमै जटिल मानिने चुँडिएको अंग पुन: जोड्न गरिने शल्यक्रिया सुर्खेतमा पहिलो पटक गरिएको हो। यसभन्दा अगाडि यस्ता समस्या भएका बिरामीहरू नेपालगंज, लखनउ र काठमाडौंमा रिफर गर्नुपर्थ्यो। सुर्खेतमै सफल शल्यक्रिया हुने भएपछि कर्णाली प्रदेशका निम्न आयस्तर भएका बिरामीलाई निकै सजिलो हुनेछ।

‘यदि यही अप्रेसन बाहिर गर्नुपरेको भए ४/५ लाख रुपियाँ खर्च हुन्थ्यो तर सुर्खेतमै हुँदा २५ हजार मात्रै खर्च लाग्यो’, विनोद र युवकले भन्नुभयो- ‘सुर्खेतमै सफल उपचार भएकाले नयाँ जीवन पायौं। हामी एकदमै हर्षित छौं। हाम्रा लागि डाक्टर रुपक भगवान बनेर आउनुभयो। सायद सुर्खेतमा उपचार नभएको भए धेरै दु:ख पाइन्थ्यो होला।’

यता डाक्टर कँडेलले भने यस्ता समस्या लिएर आउने आर्थिकरुपमा विपन्न बिरामीको सुर्खेतमै उपचार गर्नका लागि हरसम्भव प्रयास गरिने उल्लेख गर्नुभयो। उहाँले अहिलेको सफल अप्रेसनबाट थप प्रेरणा मिलेको पनि बताउनुभयो। उहाँले यस्ता खालका जटिल समस्याको उपचार गर्नका लागि आवश्यक उपकरणको व्यवस्था गर्नुपर्नेमा जोड दिनुभयो।

# पूर्वप्रधानाध्यापकद्वारा प्रधानाध्यापक कुटिए





सरोज यादव, विराटनगर

विद्यालय व्यवस्थापन समितिको बैठक बस्ने क्रममा विराटनगरमा १ जना प्रधानाध्यापक कुटिएका छन्। विराटनगर-१४ स्थित जनता बाल आधारभूत विद्यालयका प्रधानाध्यापक सुरेन्द्रकुमार यादवलाई सोही विद्यालयका पूर्वप्रधानाध्यापक एवं राहत शिक्षकसमेत रहेका वीरेन्द्र यादवको समूहले कुटपिट गरेको हो।

पीडित यादवले शनिबार नेपाल पत्रकार महासंघ मोरङमा पत्रकार सम्मेलनको आयोजना गरी आफूमाथि कुटपिट भएको जानकारी गराउनुभयो। यादवले विराटनगर महानगरले विद्यालयमा दरबन्दीको शिक्षक कार्यरत रहेको अवस्थामा राहत शिक्षकलाई प्रअ बस्न नमिल्ने पत्राचार गरेपछि विद्यालय व्यवस्थापन समिति, अभिभावक संघ र शिक्षकहरूको बैठकले आफूलाई प्रअ तोकेर वीरेन्द्रलाई प्रअबाट हटाएको रिसइबीले कुटपिट गरिएको बताउनुभयो।

शुक्रबार व्यवस्थापन समितिको बैठक बसिरहेको अवस्थामा पूर्वप्रअ वीरेन्द्र यादव, उनका भाइ सुरेन्द्र र रवीन्द्र यादव्र, छोरा सुधिर, विशाल र साजन ऋषिदेवले कुटपिट गरेको पीडित यादवले जानकारी दिनुभयो। कुटपिट गर्ने वीरेन्द्र र उनका भाइ सुरेन्द्र सोही विद्यालयमा राहत शिक्षकमा कार्यरत रहेको उहाँको भनाइ छ। भाटा र मुक्का प्रहार गर्दै गरिएको कुटपिटका कारण आफ्नो जिउभरि नीलडाम बसेको र लुगा पनि च्यात्तिएको पीडित यादवले बताउनुभयो।

# समस्यै समस्यामा जनप्रतिनिधिको एक वर्ष

नेपाल समाचारपत्र

डोटी

डोटीका स्थानीय तहका कर्मचारीले आफूहरूको १ वर्ष समस्यै समस्यामा बितेको गुनासो गरेका छन्। कर्मचारी नआउने तथा उनीहरूले दु:ख दिने गरेको बारेका जनप्रतिनिधिका गुनासा छन्। ‘मुख्य समस्या हामीलाई कर्मचारीको भयो। कर्मचारी आउँदै आउँदैनन्, आए पनि बीचमै सरुवा भएर जान्छन्। न हामीलाई कर्मचारी भर्ना गर्ने अधिकार छ, न केन्द्र सरकारले कर्मचारी पठाउँछ।’ -डोटी पूर्वीचौकी गाउँपालिकाका अध्यक्ष दीर्घराज बोगटी आफ्नो कार्यकालको १ वर्ष कर्मचारी अभावमै बितेको यसरी दुखेसो गर्नुहुन्छ। २०७४ असार १४ गते भएको स्थानीय तहको निर्वाचनबाट गाउँपालिकाको अध्यक्षमा निर्वाचित भएपछि गाउँपालिकाको विकासका लागि केही गर्न उत्साहित हुनुहुन्थ्यो उहाँ। तर धेरै कुराले उहाँलाई साथ दिएन। कर्मचारी अभाव मुख्य कारण भएको उहाँ बताउनुहुन्छ र भन्नुहुन्छ- ‘न हामीलाई कर्मचारी भर्ना गर्ने अधिकार दिइयो न कर्मचारी पठाइयो, कसरी काम गर्नु?’

स्थानीय तहको निर्वाचन पहिले हुनु, संघ र प्रदेशको निर्वाचन पछि हुनु पनि उहाँ समस्या मान्नुहुन्छ। ‘निर्वाचन भयो, जनप्रतिनिधि त छौं तर कसरी काम गर्ने भन्ने कानुन छैन, मन्त्रालयको पत्रको आधारमा काम गर्नुपर्ने अवस्था आयो’, उहाँ थप भन्नुहुन्छ- ‘हामी हतियारबिनै युद्धमा खटिएका सैनिकजस्तै भयौ।’ बोगटीको जस्तै दुखेसो के आईसिंह गाउँपालिकाका अध्यक्ष लोकेन्द्रबहादुर शाहीको पनि छ। कर्मचारी अभावकै कारण चाहेअनुसार काम गर्न नसकेको उहाँको गुनासो छ। ‘एक त मलाई अनुभव पनि थिएन, मैले सिक्नमै बित्यो यो वर्ष,’ शाही भन्नुहुन्छ- ‘नीतिगत अन्यौलताका कारण पनि धेरै समस्या भयो।’ बजेट कसरी विनियोजन गर्ने भन्ने विषयमा पनि लामो समयसम्म अन्यौल रहेको शाही बताउनुहुन्छ। ‘यो वर्षदेखि काम गर्न सहज होला जस्तो लागेको छ’, उहाँ थप्नुहुन्छ ‘तर कर्मचारीको अभाव कहिलेसम्म रहन्छ।’ त्यस्तै बोगटान गाउँपालिकाका अध्यक्ष कमल गड्सिला ‘एनान’ को समस्या पनि उस्तै छ।

‘गाउँपालिका टाढा भएका कारण कर्मचारी जान मान्दैनन्’, उहाँ भन्नुहुन्छ- ‘गए पनि ३ महिना टिक्दैनन्।’ कानुनी अस्पष्टता, आफैंलाई अनुभवको कमीका कारण चाहेअनुसार काम गर्न नसकेको उहाँले स्वीकार गर्नुभयो। निर्वाचित भएको ९ महिनापछि मात्र न्यायसम्बन्धी तालिम पाएको बताउनुहुन्छ जोरायल गाउँपालिकाकी उपाध्यक्ष जमुना बोहरा। न्यायिक समितिको संयोजकसमेत रहनुभएकी उपाध्यक्ष बोहरा भन्नुहुन्छ ‘न्यायिक क्षेत्रको अनुभव थिएन। समयमै तालिम दिनुपर्ने थियो त्यो भएन।’ अन्य स्थानीय तह जस्तै जोरायल गाउँपालिकाले पनि कर्मचारीको अभाव झेल्नुपरेको उहाँको भनाइ छ।